# कोलम्बस र विपश्यना

यसपालि
जीवन र फूल खोज्न
समुद्रका छालले कोपरिएका कोलम्बस
बन्दरगाहमा पानीजहाज बिसाएर
झोलाभरि दुर्गदुर्गका कहानी बोकी
लुखुरलुखुर पदयात्रामा
मेरो बस्ती आएका छन्
मेरो निम्तो मान्न ।

कोलम्बसले झोलामा
नागासाकीको खरानी
न्युयोर्कको सन्त्रास
अलिकति साइबेरियाको जाडो
अलिकति विकिरणको राप
गुन्द्रुकजस्तै कोचेर ल्याएछन् ।

उनका पाइला पछ्याउँदै
क्षेप्यास्त्रका छर्रा लागेका छातीहरु
सिकारी चराले हच्काएका मलेवाहरु
रोबर्टले कज्याएका हात
अनि वसन्त नदेखेका आँखा
कोको आएका छैनन्
मेरो बस्तीमा
उनीहरुको आगमनमा
सल्लेरीको सुनगाभा
मुसुक्क मुस्कुराउँछ ।

हिउँखोल्सी देखेर
थकित कोलम्बस
चकित भए
अनि,
मान्छे र मन खोज्दै
मेरो कन्दरामा
उनी 'विपश्यना' बसे
निस्किए सहयात्रीहरु
मेरो बस्तीको विहारमा ।

कोलम्बस,
पद्मासनमा छन् ; मौन छन्
प्राणायाममा छन् ; एकाग्र छन्
हिमाली हावाको अनुलोमविलोममा
उनी घात-प्रतिघातका कथा
कुण्ठा - रागका गाथा

फुत्तफुत्त फ्याँक्दै छन्
मुहारमा आभा भर्दै
मनमा शान्ति छर्दै

यात्रामा
रारा घुम्नेहरुले
मोनालिसालाई बिर्सिएछन्
मिथिला झर्नेहरुले
भिन्चीलाई चित्र कोर्न
कप्टेराहरु ल्याइदिएछन्
सृष्टिकी उषा भेटेछन्
श्रीअन्तुका थाप्लामा पुग्नेहरुले
मान्छेका शौर्य ;
कस्तूरीको सौरभ भेटेछन्
हिमाद्रि चढ्नेहरुले ।

मुस्ताङे स्याउजस्तो भएर
मेरो आँगनमा
विपश्यनापछि कोलम्बस आए
सहयात्रीहरुले रुसोको प्रकृति ल्याए
बिदाइ - समारोहमा
सारङ्गी रेटिए ; गजल गाइए
राजनीतिका रेखाहरु
धर्मका कट्टरताहरु
अराजकताका आलापहरु
कहीं - कतै थिएनन्
त्यहाँ
सहिष्णुताका हात मिलाइए
विश्वबन्धुत्वका अङ्कमाल कसिए
साँच्चै, साथी
त्यहाँ त
मान्छेका मन
फूलका सौन्दर्य
खुब झुमेर नाचे ।

बिदाइमा
मैले कोलम्बसलाई
बोधिवृक्षका दुई पात
अनि एक डल्लो
हिउँको मन दिएँ ।

अर्जुनकुमार ढकाल
खोटाङ
सम्पर्क: ९८४६३२०७९७
E-mail: jjarjun77@yahoo.com